ネパール語

फुकुओका प्रान्तको आफ्नै नयाँ कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू

नयाँ कोरोना भाइरसबाट सङ्क्रमित हुनेहरूको सङ्ख्या पाँच दिनमा सय जनाभन्दा बढी भइरहेको छ। यो सङ्ख्या राष्ट्रिय सरकारको कोरोना भाइरस सङ्क्रमण नियन्त्रण उपसमितिले तोकेको मापदण्डअनुसार स्टेज III जतिसम्म पुग्नै लागेको कुरालाई सङ्केत गर्छ र यो स्थिति अब कस्तो हुनेछ भनी अनुमान लगाउन पनि नसकिनेगरि एकदमै कठिन अवस्थामा पुगेको छ।


नयाँ प्रजातिको भाइरसबाट सङ्क्रमित हुनेहरूको सन्दर्भमा पछिल्लो एक सातामा त्योभन्दा अगाडिको एक साताको तुलनामा 1.6 गुणा (102 जना→162 जना) सम्म वृद्धि भएको छ र तिनीहरूमध्ये सङ्क्रमणको स्रोत पत्ता नलागेका सङ्क्रमितहरूको अनुपात आधाभन्दा बढी भएको हुनाले समुदाय स्तरमा सङ्क्रमण फैलिएको अडकल काट्न सकिन्छ।

फुकुओका प्रान्त अहिले चौथो लहरको मुखमै पुग्न लागेको छ भनी बुझेर सङ्कटको कडा भावना महसुस गर्दै छौँ।

तसर्थ फुकुओका सहरलगायत नगरपालिका तथा गाउँपालिकाहरूसँग 6 पार्टी वार्ता गरेपछि प्रान्तको प्रधान कार्यालय गठन गर्‍यौँ।

अप्रिल महिना सुरु भइसकेपछि फुकुओका सहरमा क्षेत्रअनुसारको थप पोजेटिभ हुनेहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको देखिन्छ। फुकुओका सहरमा सङ्क्रमण फैलिँदै गयो भने फुकुओका प्रान्तका सम्पूर्ण क्षेत्रमा असर पर्ने ठूलो सम्भावना भएकाले जसरी भए पनि सङ्क्रमण अझै फैलिन रोक्नुपर्दछ। त्यसकारण फुकुओका प्रान्तले आफ्नो उपायको रूपमा प्रान्तवासी महानुभावहरूलाई अतिआवश्यकबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुन र फुकुओका सहरको रेस्टुरेन्ट सञ्चालन गर्ने महानुभावहरूलाई व्यापार समय छोट्याउन आग्रह गर्ने निर्णय गऱ्यो। अबउप्रान्त फुकुओका प्रान्त र फुकुओका सहरबीच मजबुत सहकार्यमा यस सङ्क्रमणको पुनः फैलावटलाई जसरी भए पनि रोक्ने प्रयास गर्नेछौँ।

○ फुकुओका प्रान्तका सम्पूर्ण क्षेत्रका प्रान्तवासी महानुभावहरूलाई अनुरोध छ।




- अप्रिल 20 तारिख (मङ्गल) देखि मे 19 तारिख (बुध) सम्मको अवधिमा
  - दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने
  - सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू कार्यान्वयन क्षेत्रजस्ता सङ्क्रमण फैलिरहेको क्षेत्रमा अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा जाने आउने नगर्न संयमित हुने
  - एउटा प्रान्तदेखि अर्को प्रान्तमा जाने सन्दर्भमा गन्तव्य स्थानको सङ्क्रमण स्थिति र स्थानीय तहले दिने जानकारीमा ध्यान दिएर होसियार भई निर्णय गर्ने

- मास्क लगाउने, हात धुने, शारीरिक दूरी कायम राख्नेजस्ता सङ्क्रमण रोकथामका आधारभूत उपायहरूलाई कडाइका साथ पालन गरिरहनुहुन अनुरोध गर्दछौँ।

  20 वर्षदेखि 39 वर्षसम्मका जवान वयस्कहरूमा पनि सङ्क्रमण फैलिँदै गरेको कुरा देखिन्छ र बिरामी अवस्थाले गम्भीर रूप लिएको केस पनि छ। बिरामीले सजिलैसँग गम्भीर रूप लिन सक्ने वृद्धवृद्धाहरूलाई सङ्क्रमण नफैलाउन विचारशील भएर चल्नुहुन अनुरोध गर्दछौँ।

- खानपिन गर्दा थोरै जना, 2 घण्टा सम्ममात्र। अत्यधिक मदिरा सेवन नगर्नुहोस्, कुराकानी गर्दा मास्क लगाउनुहोस् र ठूलो स्वरले नबोल्नुहोस्।

- फुकुओका सहरका रेस्टुरेन्ट तथा चियाकफी पसल सञ्चालन गर्ने महानुभावहरूलाई अनुरोध छ।




- अप्रिल 22 तारिख (बिही) मध्यरात 0 बजेदेखि मे 19 तारिख (बुध) मध्यरात 24 बजेसम्म व्यापार गर्ने समय बिहान 5 बजेदेखि बेलुका 9 बजेसम्म, मादक पदार्थ बिक्री–वितरण गर्ने समय बिहान 11 बजेदेखि, अर्डर–सटप बेलुका साढे 8 बजेसम्म बनाउनुहोस्।

○ उक्त आग्रह स्विकारेका पसलहरूलाई निम्नानुसार बिक्री रकमबमोजिम चरणबद्ध रूपमा तोकिएको सहयोग रकम भुक्तानी गरिनेछ।

- साना तथा मझौला उद्योगलाई प्रतिदिन 25,000 येन – 75,000 येन
- ठूलठूला कम्पनीलाई बिक्री रकममा भएको ह्रास रकमअनुसार प्रतिदिन अधिकतम 200,000 येन

○ उद्यमी महानुभावहरूलाई मानिसहरूसँगको सम्पर्क कम गर्ने उद्देश्यले घरबाट अफिसको काम गर्ने (टेलिवर्क) र अफिसमा आउने समय फरक–फरक बनाउने उपायहरूलाई तीव्र रूपमा अगाडि बढाउनुहोस्।

○ मे 19 तारिखभन्दा अगाडिसम्ममा राष्ट्रिय सरकारको कोरोना सङ्क्रमण रोकथाम तथा नियन्त्रण उपसमितिले तोकेको मापदण्डअनुसार स्टेज II वा सोभन्दा कम हुने प्रवृत्ति स्पष्ट देखिएको खण्डमा त्यस समयमा समग्र रूपमा जाँच गरी उक्त आग्रह शीघ्र खुलाउनेबारे विचार विमर्श गरिनेछ। यसो गर्दा खासगरी थप पोजेटिभ हुनेहरूको सङ्ख्याको प्रवृत्तिलाई ध्यान दिने विचार गर्दै छौँ।

○ प्रान्तवासी महानुभावहरूलाई आफूलगायत बाजेबज्यैदेखि लिएर परिवारका सदस्य, प्रेमी र प्रेमिका, साथीजस्ता आफ्नो प्रियजनको जीवन जोगाउन प्रत्येकले सङ्क्रमण रोकथाम तथा नियन्त्रणको आधारभूत उपायहरू कडाइका साथ अपनाई होसियारीसाथ व्यवहार गर्नुहोस्।

○ यसपालि फेरि कडा उपायहरू अपनाउन आग्रह गर्नुपरेको छ। अहिलेसम्म पटक–पटक गरिएका आग्रहले गर्दा सबै जना खासगरी फुकुओका सहरका रेस्टुरेन्टका महानुभावहरूमा पर्न जाने ठूलो बोझको लागि क्षमाप्रार्थी छौँ र नयाँ कोरोना भाइरसविरुद्धको लडाइँमा विजय हासिल गर्न समझदारी तथा सहयोगको लागि अनुरोध गर्दछौँ।